

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ६८ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०८० चैत ९ गते शुक्रबार ❑ 22 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## गण्डकीका चार जिल्लामा मानवसेवा आश्रमका भवन

**पोखरापत्र संवाददाता**

पोखरा, ८ चैत

नेपाललाई विसं २०८२ भित्र ‘सहयोगापेक्षी सडक मानवमुक्त देश’ घोषणाको लक्ष्य लिएको मानवसेवा आश्रमका चार भवन गण्डकी प्रदेशमा बनिरहेका छन् ।

आश्रमका गोरखा, कास्की, बागलुङ र लमजुङ शाखा छिट्टै आफ्नै भवनबाट सेवा सञ्चालन गर्ने तयारीमा छन् । भाडाको कोठाबाट सुरु भएको मानवसेवा आश्रमले सरकार र दाताको सहयोगमा भवन निर्माणलाई गति दिएको हो । कास्कीको पोखरा महानगरपालिका-२५ हेम्जा, बागलुङको बागलुङ नगरपालिका-४ निरयघाट, लमजुङको बैंसीसहर नगरपालिका-९ पाखाथोक र गोरखाको गोरखा नगरपालिका-८ अर्चलेमा आश्रमको भवन निर्माणाधीन छन् । हेम्जामा रु १० करोडको लागतमा भवन बन्न लागेको कास्कीस्थित आश्रमका संयोजक सदिस पुनले जानकारी दिनुभयो । भवनको भुइँतला र तेस्रो तलाको निर्माण सम्पन्न हुने चरणमा रहेको उहाँको भनाइ छ । “बीचको तलाका लागि पोखरा महानगरले रु ७१ लाख सहयोग गर्ने कबोल गरेकाले बजेटको पर्खाइमा छौँ, अरु दाताबाट पनि सहयोग आइरहेको छ”, संयोजक पुनले भन्नुभयो । रु पाँच लाख ११ हजार एक सय ११ सहयोग गर्ने दाताको नाममा कोठाको नामकरण गरिने भएपछि २० जनाभन्दा बढी त्यस्ता सहयोगी जुटेको उहाँले बताउनुभयो ।

आश्रम निर्माणका लागि विसं २०७९ माघमा आयोजना गरिएको महायज्ञबाट रु तीन करोड बढी आर्थिक सङ्कलन गरिएको थियो । विसं २०७५ चैतदेखि निर्माण थालिएको उक्त आश्रम भवन दुई सय जनालाई आवसीय सुविधा दिने गरी बन्न लागेको हो । हेम्जा र छोरेपाटन गरी कास्कीमा आश्रमका दुई सेवाकेन्द्र रहेका छन् । छोरेपाटन सेवाकेन्द्रमा महिला मात्र आश्रित रहेको संयोजक पुनले जानकारी दिनुभयो ।

श्रम निर्माणमा प्रदेश सरकार, पोखरा महानगरलगायत सरकारी निकाय, सङ्घसंस्था र सर्वसाधारण दाताको सहयोग रहेको छ । आश्रमको बागलुङ शाखा भवनको झण्डै ५० प्रतिशत काम सकिएको निर्माण समितिका अध्यक्ष शिव खड्काले जानकारी दिनुभयो । स्रोत जुटाएर दुई वर्षभित्रमा भवन निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको उहाँको भनाइ छ । रु १२ करोड ७५ लाखको लागत योजनासहित बागलुङ नगरपालिका-४ निरयघाटमा आश्रम निर्माणको काम भइरहेको हो । अध्यक्ष खड्काका अनुसार आश्रमका लागि चालु आवमा गण्डकी प्रदेश सरकारबाट रु २५ लाख, बागलुङ नगरपालिकाबाट रु चार लाख, बरेङ गाउँपालिकाबाट रु छ लाख, गलकोट नगरपालिकाबाट रु पाँच लाख र म्याग्दीको बेनी नगरपालिकाबाट रु चार लाख बजेट विनियोजन भएको छ । प्रदेश सरकाले गत आवमा रु ५० लाख बजेट दिएको अध्यक्ष खड्काले जानकारी दिनुभयो । परिवार र समाजबाट अपहेलित भएर सडकमा पुगेकाहरूको संरक्षण गर्ने उद्देश्यले स्थानीय अभियानकर्मी तथा स्वयंसेवी युवाको पहलमा विसं २०७२ मा बागलुङमा आश्रम खोलिएको थियो । बागलुङ नगरपालिकाले जग्गा व्यवस्थापन गरिदिएपछि दुई वर्षअघि आश्रमको भवन निर्माण सुरु भएको थियो । उक्त भवनमा योग, ध्यान र प्रशिक्षणका लागि छुट्टै कक्ष रहनेछ । गोरखा र लमजुङ शाखाको भवन निर्माण पनि तीव्रगतिमा भइरहेको मानवसेवा आश्रमले जनाएको छ ।

आश्रमका अनुसार लमजुङ शाखा भवनको रु १५ करोड र गोरखाको शाखा भवनको रु तीन करोड लागत योजना रहेको जनाइएको छ । सहयोगापेक्षी सडक आश्रितमानवको उद्धार र जीवनरक्षामा आश्रम क्रियाशील छ । आश्रमले बेसहारा, अशक्त, अभिभावकविहीन, मानसिक तथा शारीरिकरूपमा कमजोर, सडकआश्रित मानवहरूको व्यवस्थापन, औषधोपचार र पालनपोषण गर्दै आएको छ ।

गण्डकीका चारसहित देशभरका ११ जिल्लामा आश्रमका भवन बनिरहेको आश्रमको केन्द्रीय कार्यालयले जनाएको छ । मानवसेवा आश्रमले अहिलेसम्म १९ जिल्लामा सेवा विस्तार गरिसकेको जनाइएको छ । कार्यालयका अनुसार हाल देशभरका आश्रमका शाखा र सेवा केन्द्रमा गरी एक हजार छ सय बढीले आश्रय लिइरहेका छन् । हालसम्म दुई हजार आठ सय बढीको पारिवारिक पुनःमिलन भएको र दुई हजार दुई सय बढी उपचारपछि स्वेच्छाले आश्रमबाट बाहिरिएको जनाइएको छ । आश्रममै रहेका बेला आठ सय २६ जनाले मृत्युवरण गरेको र छ सय ३१ जनाको सामुदायिक पुनःस्थापना भएको छ । ‘सबैका लागि खाना, नाना र छाना’को आदर्श वाक्यसहित नेपाललाई ‘सडकआश्रित मानवरहित राष्ट्र’ बनाउने महाअभियानमा मानवसेवा आश्रम जुटेको हो ।

## आपत्कालीन उद्धार र राहतका लागि पोखरामा मानवीय सहायतास्थल

**पोखरापत्र संवाददाता**

पोखरा, ८ चैत

भूकम्प, बाढी/पहिरोलगायत प्राकृतिक विपद्का बेलामा खोज, उद्धार, आपत्कालीन राहत तथा पुनःस्थापना सहज बनाउन पोखरामा मानवीय सहायतास्थल निर्माण गरिने भएको छ ।

यहाँस्थित पुरानो विमानस्थलभित्रको एक हजार पाँच सय वर्गमिटर क्षेत्रभित्र उक्त सहायतास्थल निर्माण अघि बढाइएको हो । आपत्कालीन राहत र उद्धारका साथै विपद्को समयमा द्रुत तथा समन्वयात्मक प्रतिकार्यलाई यसले सहयोग पुऱ्याउने कार्यक्रमका परियोजना प्रमुख मोती थापाले बताउनुभयो ।

उहाँका अनुसार विश्व खाद्य कार्यक्रमले युरोपेली युनियनसँगको साझेदारीमा रू दुई करोड लगानीमा निर्माण सुरु गरेको सहायतास्थल आगामी चार महिनाभित्रमा सम्पन्न हुनेछ । थापाले सहायतास्थलमा आपत्कालीन राहत र उद्धारका सामग्रीको पूर्वभण्डारण, प्राप्ति, भण्डारण, पुनःप्याकेजिङ तथा विपद्पश्चात् निर्दिष्ट स्थानमा ढुवानी तथा वितरणमा सहजीकरण गर्ने बताउनुभयो । “मानवीय सहायतास्थलले दोहोरो कार्य गर्दछ । सङ्कटको समयमा राहत सामग्री प्राप्त गरी स्थल वा हवाईमार्ग प्रयोग गरी प्रभावित स्थानमा तैनाथ गर्न राहत प्रतिकार्यमा सहयोग गर्दछ”, थापाले भन्नुभयो ।

देशका विभिन्न स्थानमा यसअघि ११ वटा मानवीय सहायतास्थल स्थापना गइसकेका छन् । पोखरामा स्थापना हुने स्थल १२औँ रहेको उहाँले बताउनुभयो । हरेक प्रदेशमा कम्तीमा एकवटा स्थल रहने छ । गण्डकी प्रदेशको राजधानी पोखरामा उक्त स्थल स्थापनाको मुख्य उद्देश्य प्रदेशमा आपत्कालीन उद्धार तथा राहत वितरणमा सहजता ल्याउनुका साथै आवश्यक सामग्रीको क्षमता अभिवृद्धि गर्नु रहेको सहायतास्थलका फोकल पर्सन रतिन्द्र खत्रीले बताउनुभयो । उहाँका अनुसार यसबाट सङ्कटका समयमा तत्काल प्रभावकारी उद्धार तथा राहत वितरणमा सहायता सुनिश्चित गर्नेछ । फोकल पर्सन खत्रीले ठूलो प्रकोप भएको अवस्थामा र काठमाडौँको मानवीय सहायतास्थलमा भीडभाड भएको खण्डमा यहाँको सहायतास्थलले अन्तर्राष्ट्रिय राहत प्रयासका लागि वैकल्पिक प्रवेशविन्दुको रूपमा काम गर्ने बताउनुभयो । “यसले स्थानीय आपत्कालीन प्रतिकार्यमा सहयोग पुऱ्याउने छ”, उहाँले भन्नुभयो, “आपत्कालीन बन्दोबस्ती प्रशिक्षण केन्द्रका रूपमासमेत काम गर्नेछ ।” उक्त सहायतास्थलमा सात सय मेट्रिक टन भण्डारण क्षमता रहने विश्व खाद्य कार्यक्रमका सञ्चार विभागका प्रमुख मोनिका उपाध्यायले जानकारी दिनुभयो । सात हजार पाँच सय लिटर इन्धन क्षमता, कन्टेनर भण्डार, जेनेरेटर तथा प्रशिक्षण, प्रयोगात्मक अभ्यासस्थललगायतको व्यवस्था रहने उहाँको भनाइ छ ।

## उपाध्यक्ष महरासँगको बयान सकियो

**रासस**

काठमाडौँ, ८ चैत

सुन तस्करी प्रकरणको अनुसन्धानका क्रममा प्रहरी नियन्त्रणमा रहनुभएका नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उपाध्यक्ष एवं पूर्वसभामुख कृष्णबहादुर महरासँग बयान लिने काम बिहीबार सकिएको छ ।

बुधबारदेखि सुरु भएको बयान लिने कार्य सम्पन्न भएको जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख, सहन्यायाधिवक्ता सन्देश श्रेष्ठले जानकारी दिनुभयो ।

बयान सकिएसँगै उहाँलाई पुनःनर्भिक अस्पतालमै भर्ना गरिएको प्रहरीको केन्दीय अनुसन्धान ब्यूरो सिआइबीले जानकारी दिएको छ । कमजोर स्वास्थ्य अवस्थाका कारण उहाँलाई अदालतले नै अस्पतालमा राख्न भनेको थियो । यही चैत ५ गते कपिलवस्तुको पकडीबाट पक्राउ पर्नुभएका उहाँमाथि चार दिनको म्याद लिएर सिआइबीले अनुसन्धान गरिरहेको छ ।

बिहीबार थपिएको म्याद सकिने अन्तिम दिन हो । उहाँमाथि भोलि थप आवश्यक प्रक्रिया अघि बढाइने सिआइबीका प्रवक्ता प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिनुभयो ।

## राजमार्गको स्तरोन्नतिमा देखिएका समस्या समाधान गर्दै काम अगाडि बढाइने

**रासस**

दमौली, ८ चैत

मुग्लिन पोखरा सडक विस्तारका क्रममा देखिएका समस्या समाधान गर्दै निर्माणलाई अगाडि बढाउने यहाँका सरोकारवालाले निर्णय गरेका छन् ।

तनहुँको व्यास नगरपालिकाको संयोजनमा आज नगरपालिकाको सभाहलमा बसेको सरोकारवालाको बैठकले विविध पक्षका बारेमा छलफल गरी सडक निर्माणका क्रममा देखा परेका अप्ठ्यारालाई समाधान गर्दै निर्माण अगाडि बढाउने निर्णय गरेको हो । मुग्लिन पोखरा सडक विस्तार आयोजना अन्तर्गत दमौली बजार खण्डमा यथाशीघ्र सडक अधिकारक्षेत्र रहेका घर भत्काउने, बिजुलीका पोल, खानेपानीका पाइपसमेत स्थानान्तरण गरी वर्षाभन्दा अगाडि कालोपत्र सम्पन्न गर्नुपर्ने भएकाले सम्बन्धित घरधनीलाई सहयोग गर्न अनुरोध गरिएको व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो । उहाँले भन्नुभयो, “मुग्लिन पोखरा सडक विस्तार अन्तर्गत तनहुँका अन्य खण्डमा काम धेरै अगाडि बढेपनि दमौली बजार क्षेत्रमा काममा ढिलाइ भएको छ । सडक क्षेत्रभित्र रहेका घरटहरा नहटाउँदा काममा ढिलाइ भएकाले त्यस्ता संरचना हटाई सहयोग गर्न सम्बन्धित घरधनीलाई आग्रह गरेका छौँ ।” सरोकारवालाको बैठकले राजमार्ग विस्तार गर्न निर्माण भइरहेकामा कतिपय स्थानमा नालाको निकास, स्थानीय घरधनीलाई आवतजावतमा हुने कठिनाई, चालु खानेपानी लाइनको पुनःस्थापना लगायतका विषयमा आयोजनाबाट व्यवस्थापन गर्न अनुरोध गर्ने निर्णय गरेको प्रमुख न्यौपानेले बताउनुभयो । बैठकमा गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले राजमार्ग स्तरोन्नतिका लागि सबैले सहयोग गर्नुपर्नेमा जोड दिनुभयो । सो अवसरमा जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, नगरप्रमुख न्यौपाने, प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, मुग्लिन पोखरा सडक योजना (पूर्वी खण्ड) का इञ्जिनीयर विष्णुप्रसाद पाण्डे, परामर्शदाता चिन्तामणि शर्मा, सडक डिभिजन दमौलीका इञ्जीनीयर कल्पना मिश्रलगायत सहभागी हुनुहुन्थ्यो । मुग्लिन पोखरा सडक विस्तार अन्तर्गत पूर्वी खण्डमा ५० र पश्चिम खण्डमा १७ प्रतिशत प्रगति भएको छ । पृथ्वी राजमार्ग अन्तर्गत तनहुँको आँबुखैरेनीदेखि पोखरासम्म सडक विस्तारका लागि काम भइरहेकामा पूर्वी खण्डमा ५० र पश्चिम खण्डमा १७ प्रतिशत प्रगति हासिल भएको हो । आँबुखैरेनीदेखि जामुनेसम्मको पूर्वी खण्डमा ५० प्रतिशत काम सकिएको छ । आयोजनाका अनुसार पूर्वी खण्डमा २० किलोमिटर खण्ड कालोपत्र भइसकेको छ । आँबुखैरेनी, बन्दीपुर र व्यास नगरपालिकाका विभिन्न भागमा गरी १२ किलोमिटर दुईतर्फी र आठ किलोमिटर एकतर्फी खण्ड कालोपत्र सकिएको छ ।

पूर्वी खण्डको कामका लागि विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । ४१.४५ किमी यो खण्डमा तीन ठूला र चार साना पुल निर्माण गरिनेछ । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ । यो खण्डको म्याद विसं २०८१ वैशाखसम्म रहेको छ । पश्चिम खण्ड अन्तर्गत जामुनेदेखि पोखरासम्म पनि कालोपत्रको काम अगाडि बढेको छ । तनहुँको म्याग्दे गाउँपालिकास्थित जामुने, शुक्लागण्डकी नगरपालिकास्थित हलेदली र कोत्रेमा कालोपत्रको काम भइरहेको छ । पोखरा खण्डमा पनि केही दूरीमा कालोपत्र भएको छ । पश्चिम खण्डमा हालसम्म ६ किलोमिटर एकतर्फी सडक कालोपत्र भएको छ । पश्चिम खण्ड अन्तर्गत जामुनदेखि पोखरासम्म विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो । यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहुई काइयुयान हाइवे एन्ड ब्रिज कन्स्ट्रक्सनले पाएको छ । यो खण्डको म्याद विसं २०८१ भदौसम्म रहेको छ । यो खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा लागेको थियो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१


## छपन्न लाख ४३ हजार बालबालिकाले लगाए दादुरा-रुवेलाविरुद्धको खोप

**रासस**

काठमाडौँ, ८ चैत

सरकारले सञ्चालन गरेको दादुरा-रुवेलाविरुद्धको खोप अभियानमा ५६ लाख ४३ हजार नौ सय १२ जना बालबालिकाले खोप लगाएका छन् ।

दादुरा-रुवेला सङ्क्रमणको जोखिमलाई दृष्टिगत गरी सरकारले गत फागुन १३ देखि चैत ७ गतेसम्म खोप अभियान सञ्चालन गरेको थियो । बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमका अनुसार ५७ लाख ४२ हजार नौ सय ९३ बालबालिका खोप लगाउने लक्ष्य रहेकामा ५६ लाख ४३ हजार नौ सय १२ जनाले बालबालिका खोप लगाएका हुन् । “हाम्रो लक्ष्यअनुसार नै बालबालिकाले खोप लगाएका छन्” उहाँले भन्नुभयो, “जिल्लाबाट प्राप्त प्रारम्भिक चरणको प्रतिवेदनमा ९६ प्रतिशतले खोप लगाएका पाइएको छ ।” सरकारले यस वर्ष दादुरा रुवेलाको सङ्क्रमणलाई ध्यान दिदै पश्चिम रुकुम र जाजरकोट जिल्ला बाहेक ७५ जिल्लामा खोप अभियान सञ्चालन गरेको थियो । पश्चिम रुकुम र जाजरकोटमा यसअघि नै अभियान सञ्चालन भएको थियो । भारतसँग सीमा जोडिएका २१ जिल्ला तथा काठमाडौँ उपत्यकाका तीन जिल्लामा नौ महिनादेखि १५ वर्ष मुनिका र ५१ जिल्लामा नौ महिनादेखि पाँच वर्षसम्मका बालबालिकालाई खोप लगाइएको थियो । खोप अभियान सफल बनाउन देशभर ४८ हजार सात सय ९८ खोप केन्द्रमा ४९ हजार नौ सय ३७ जना स्वास्थ्यकर्मी र ५९ हजार नौ सय छ जना स्वयसेवक परिचालन गरिएको थियो ।

# स्याङ्जाको कुल जनसंख्याको साढे दुई प्रतिशत नागरिक अपाङ्ग

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ८ चैत

स्याङ्जाको कुल जनसंख्या मध्ये साढे दुई प्रतिशत भन्दा बढि नागरिक अपाङ्गता भएको तथ्याङ्क सार्वजनिक भएको छ । जिल्लाको कुल जनसंख्या २ लाख ५३ हजार २४ मध्ये २ दशमलब ६ प्रतिशतले हुन आउने ६ हजार ५ सय ७९ नागरिक अपाङ्गता भएको तथ्याङ्क सार्वजनिक भएको हो ।

कुल अपाङ्गता भएको जनसंख्या मध्ये ३ हजार ५ सय ९८ परुष छन् भने २ हजार ९ सय ८१ जना महिला अपाङ्ग छन् । १२ समूहमा वर्गिकरण गरिएको अपाङ्गता भएको संख्यामा शारीरिक अपाङ्गमा २ हजार ३ सय ८ छन् । न्यून दृष्टियुक्त तर्फ १ हजार ३९ जना रहेका छन् भने बहिरापन, सुस्त श्रवण लगाएतका अन्यको संख्या कम छ ।

"जिल्लाको कुल जनसंख्याको झण्डै ३ प्रतिशत नागरिक अपाङ्गता भएको भेटिन्छ ।" तथ्याङ्क कार्यालय स्याङ्जाका सूचना अधिकारी राजेन्द्र पराजुलीले भने, "जिल्ला वस्तुगत विवरण-२०८० र जनगणना-२०७८ ले अपाङ्गताको उक्त संख्यालाई समेत पुष्टि गर्छ ।" जनसंख्याको ठूलो हिस्सा अपाङ्गता भएको उल्लेख भएपनि झण्डै ५४ प्रतिशत अपाङ्गता भएकाले हालसम्म पहिचान खुल्ने कागजात बनाएका छैनन् । कुल अपाङ्ग मध्ये ३ हजार १९ जना अर्थात करिब ४६ प्रतिशतले मात्रै पहिचान खुल्ने वर्गीकृत परिचय-पत्र बनाएको तथ्याङ्क सामाजिक विकास कार्यालय स्याङ्जासँग छ । "हामीले हरेक पालिकामा गर्ने कार्यक्रममा वर्गीकृत परिचय-पत्र बनाउनु पर्छ भनेर अभियान नै चलाएका छौं ।" सामाजिक विकास कार्यालयका प्रमुख शोभाचन्द्र रेग्मीले भने, "परिचय-पत्र बनाउन नसक्दा राज्यको सुविधा (सामाजिक सुरक्षा भत्ता) पाउनबाट अपाङ्गहरु बिमुख छन् ।" जिल्लाका ११ पालिकाले जारी गर्ने पहिचान खुल्ने रातो कार्ड बनाउनेको संख्या ६ सय ९४ छ भने निलो कार्ड बनाउनेमा १४ सय ७० अपाङ्ग छन् । पंहेलो कार्ड बनाउनेमा ४ सय ७५ जना छन् भने सेतो कार्डधारीको संख्या ३ सय ८० मात्रै छ ।

समयमै कार्ड नबन्दा अपाङ्गता भएका नागरिकले राज्यको सुविधा उपयोग गर्नबाट बञ्चित भएको अपाङ्ग समाज स्याङ्जाका पूर्व अध्यक्ष युवराज पराजुलीले बताए । "स्थानीय सरकार मार्फत बन्ने ४ प्रकारका कार्ड मध्ये रातो र निलो बनाएकाले मात्रै सुविधा उपभोग गर्छन् ।" पूर्व अध्यक्ष पराजुलीले भने, "पंहलो र सेतो कार्ड बनाउने त केहि पाउँदैनन् ।"

स्थानीय स्तरमा राजनीति गर्नेहरुले अपाङ्गहरुको आवाज नसुन्दा ठूलो संख्याका अपाङ्गहरुले सुविधा उपभोग गर्नबाट बञ्चित बनेको सरोकारवालाहरुको भनाई छ । राजनीति गर्नेहरुले सामाजिक जागरण चलाएर परिचय-पत्र बनाउन सहयोग गर्ने हो भने सुविधाबाट बञ्चित अपाङ्गले सुविधा उपभोग गर्न पाउने उनीहरुको तर्क छ ।

# 'प्रशिक्षकबिना खेलकुदको विकास असम्भव'

**पोखरापत्र संवाददाता**
पोखरा, ८ चैत



गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री महेन्द्रध्वज जिशीले खेलकुद भित्र बजेटमा देखिएका समस्याहरु समाधान गर्न आफू प्रयत्नशिल रहने जनाएका छन् ।

प्रदेश खेलकुद परिषद गण्डकीको आठौं बोर्ड बैठकलाई सम्वोधन गर्दै उनले उक्त कुरा बताएका हुन् । प्रदेश खेलकुद परिषदका अध्यक्ष समेत रहेका मन्त्री जिशीले सरकार आफ्नो उद्धेश्य प्राप्तीका लागि अघि बढिरहेको जनाउँदै भने-"हाम्रा मागहरु असिमित छन् । बजेट न्यून छ । तर हामी न्यून बजेटबाटै प्रतिफल प्राप्त गर्नुछ ।" प्रशिक्षकहरु बिना खेलकुदको विकास सम्भव नभएको उल्लेख गर्दै उनले नयाँ प्राविधिक कर्मचारी व्यवस्थापन गर्न ऐनमा देखिएका समस्याहरु हटाउन सरकारले गृहकार्य थालेको बताए । वर्तमान प्रदेश सरकार राजनितिक निकासका लागि पहल गरिरहेको बताउँदै उनले सरकार नितिगत समस्याहरु पन्छ्याउँदै नयाँ गतिमा अघि बढ्ने दावी गरे । यस अघि पहिलो पटक सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको कार्यभार सम्हालेका मन्त्री जीशीलाई परिषदको हातामा परिषदका सदस्य सचिब श्रीधर शर्माले स्वागत गरेका थिए । परिषदको सम्पन्न बोर्ड बैठकले १० औं राष्ट्रिय खेलकुदको तयारीमा जुट्ने गरी बजेटको बाँडफाँड गरेको छ भने पहिलो पटक आयोजना हुन लागेको बागमती प्रदेशस्तरीय राष्ट्रिय प्रतियोगिताको तयारीलाई समेत तिव्र बनाउने निर्णय गरेको छ ।

यसै गरी यू-१५ राष्ट्रिय जुनियर राष्ट्रिय प्रतियोगिता पोखरामा सञ्चालन गर्नका लागि राष्ट्रिय खेलकुद परिषदमा प्रस्ताव पेश गर्ने जनाएको छ । उक्त प्रतियोगिता आगामी २०८० जेठमा हुने तय भएको छ । बैठकले परिषदका पूर्व अध्यक्ष एवं पूर्व मन्त्री सुशिला सिम्खडालाई आफ्नो कार्य अवधिभर खेलकुद, खेलाडी र प्रदेश खेलकुद परिषदको विकासमा पुऱ्याएको योगदानको कदर गर्दै आभार व्यक्त गरेको छ ।

# पोखरा सांगीतिक कलाकार संघले दोश्रो 'होली म्यूजिक फेष्टिवल' गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ८ चैत



रंगहरुको पर्व होलीको अवसरमा पोखरामा 'दोश्रो होली म्यूजिक फेष्टिवल-२०८०' हुने भएको छ ।

पोखरा सांगीतिक कलाकार संघले रंगहरुको पर्व होलीको अवसरमा यहि चैत ११ गते आईतबार पोखराको लेकसाईड हल्लनचोकस्थित क्याम्पिङचौरमा होलीम्यूजिकफेष्टिवलगर्नलागेकोविहीबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो ।

२०७५ सालमा पहिलो पटक आयोजना गरेको संघको यो दोश्रो होली म्यूजिक फेष्टिवल हो । कलाकार कोष अभिवृद्धि तथा कलाकार उपचार अक्षयकोषको स्थापनार्थ हुने कार्यक्रम होलीको दिन पूर्वाह्न ११ बजेदेखि अपराह्न ५ बजेसम्म जारी रहने जनाइएको छ । प्रवेश निःशुल्क रहेको 'पोखरा होली म्यूजिक फेष्टिवलमा ' जोमसोमै बजार, बाह्र बजे हावा सरर' बोलको गीतका ओरिजिनल सिंगर तथा नेपथ्य व्याण्डका पूर्व भोकलिष्ट गौतम गुरुङसहित आधा दर्जन चर्चित कलाकारहरुले प्रस्तुती दिने संघका अध्यक्ष हर्कराज गुरुङ (भाई)ले जानकारी दिए ।

कार्यक्रममा देउराली व्याण्डका आनन्द बज्राचार्य, विनोद बानिया, पखेरी व्याण्डका ईन्द्र गुरुङ, उषा गुरुङ, मीलन गुरुङ, प्रिया गुरुङ, ब्रोसिस व्याण्डका प्रकाश राना र रोहनजंग कार्कीले प्रस्तुती दिने उनले बताए । कार्यक्रमको अन्त्यमा डिजे भिटिजे बिजयले डिजेईङको मज्जा चखाउँदै समापन गर्ने कार्यक्रम संयोजक तथा संघका सचिव भाष्करध्वज श्रेष्ठले जानकारी दिए । टुबोर्गको मुख्य प्रायोजक र सिग्नेचर सहप्रायोजक रहेको कार्यक्रमको सम्पूर्ण तयारी पूरा भएको आयोजक पोखरा सांगीतिक कलाकार संघ नेपालले जनाएको छ । राष्ट्रको गहना मानिने कलाकार आर्थिक अभावका कारण अकालमै मृत्यूको मुखमा पुग्ने अवस्था अहिलेपनि रहेकाले उनीहरुको उपचारमा सघाउनका लागि कलाकार उपचार अक्षयकोष तथा कलाकार कोष अभिबृद्धि गर्ने उद्धेश्यले कार्यक्रम गर्न लागिएको अध्यक्ष गुरुङले बताए । उनले कला संगीतको विकास अनि संस्कृति संरक्षणसँगै पर्यटन प्रवर्द्धन गर्न कार्यक्रमले सघाउने बताए ।

संघका सचिव तथा कार्यक्रम संयोजक भाष्करध्वज श्रेष्ठले फागु पूर्णिमाको दिन रंगसँग संगीत जोडेर होलीलाई विशेष बनाउने प्रयास गरिएको बताए । उनले भने,'पर्वलाई विशेष रुपमा मनाएर रमाइलोसँगै संस्कृति संरक्षण र पर्यटन प्रवर्द्धनमा सघाउनु कार्यक्रमको उद्देश्य हो । कलाकारहरु माग्न जान्दैनन् । अवस्था जतिसुकै दयनीय भएपनि सहयोगका लागि हात फैलाउँदैनन् । तर अवस्था नाजुक भने हुन्छ त्यसैले ती सबै कलाकारको उपचारका लागि अक्षय कोष र कलाकार कोषको अभिबृद्धि गर्ने कार्यक्रमको उद्देश्य छ ।'

# कृष्ण मेमोरियल एट 'ए' साइड भेट्रान फुटबल: सेमिफाइनल समिकरण पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, ८ चैत



पोखराको बाराहीघाटमा पूर्व फुटबल रेफ्री स्वर्गीय कृष्ण गिरीको सम्झनामा पहिलो संस्करणको एट 'ए' साइड भेट्रान फुटबल प्रतियोगिताको सेमिफाइनल समिकरण पूरा भएको छ ।

बिहीबार सम्पन्न भएको क्वाटरफाइनल खेलमा जीत निकाल्दै एन ए भेट्रान लेकसाइड, लेकसाइड पहेंलो, गार्डेन 'ए' र गण्डकी स्पोर्टस सेमिफाइनल प्रवेश गरे । अब उक्त सेमिफाइनलका खेल शुक्रबार हुने खेल संयोजक विषम पहारीले जानकारी दिए । उनका अनुसार पहिलो सेमिफाइनल खेलमा एन 'ए' भेट्रान लेकसाइड र लेकसाइड पहेंलो बीच प्रतिस्पर्धा हुनेछ । यस्तै दोस्रो सेमिफाइनल गार्डेन 'ए' र गण्डकी स्पोर्टसबीच प्रतिस्पर्धा हुनेछ । आज भएको पहिलो क्वाटरफाइनल खेलमा एनए भेट्रान लेकसाइडले लेकसाइड निलोलाई ६-० गोलले पराजित गऱ्यो । एनए लेकसाइडको जीतमा ४ गोल गरेका कन्या सुब्बा गुरुङ म्यान अफ द म्याच बने ।

यस्तै दोस्रो क्वाटरफाइनल खेलमा गार्डेन 'ए' ले सबिन मेमोरियललाई ४-१ गोलले पराजित गऱ्यो । गार्डेन 'ए' को जीतमा उत्कृष्ट प्रर्दशन गरेका बिनोद गुरुङ म्यान अफ द म्याच बने ।

यस्तै तेस्रो क्वाटरफाइनल खेलमा लेकसाइड पहेंलोले एट टु नाइनलाई ३-० गोलले पराजित गऱ्यो । लेकसाइड पहेंलोको जीतमा उत्कृष्ट प्रर्दशन गरेका गोविन्द थापा म्यान अफ द म्याच बने । पोखरामा सामाजिक र खेलकुदको क्षेत्रमा क्रियाशिल बिक्कु गिरी, विषम पहारी र सञ्जय बुढाथोकीको सयुक्त आयोजनामा हिजो (बुधबार)देखि पहिलो संस्करणको कृष्ण मेमोरियल एट 'ए' साइड भेट्रान फुटबल प्रतियोगिता सुरु भएको हो । सो प्रतियोगिताको विजेताले नगद १ लाख १ हजार १ सय ११ रुपैयाँ, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै उपविजेताले नगद ५१ हजार १ सय ११ रुपैयाँ, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । विधागतर्फ सर्वोत्कृष्ट खेलाडीले नगद १० हजार, सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलकिपरले जनही नगद रु ५/५ हजार पुरस्कारसहित ट्रफी प्राप्त गर्नेछन् भने अनुशासित टिमले ७ हजार ५ सय रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ । प्रतियोगितामा कुल १४ टिमको सहभागिता रहेको आयोजकले जनाएको छ ।

# पोखराको कालिका पेट्रोल पम्पमा २४ घण्टा सेवा खुल्ला हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ८ चैत


पोखरालाई नेपालकै पहिलो पर्यटनको राजधानिको रुपमा घोषणासंगै पोखराका केही ठाँउमा केही व्यवसायलाई २४ घण्टा सेवा संचालन गर्न अनुमति दिएको अबस्थामा अब पोखराको एक पेट्रोल पम्प जहाँ २४ सै घण्टा पेट्रोलिय पदार्थ उपलब्ध हुने भएको छ ।

पोखरा पर्साङ्मा रहेको शसस्त्र प्रहरी वल नेपालको कालिका पेट्रोल पम्पमा अब देखि २४ सै घण्टा पेट्रोलिय पदार्थ उपलब्ध हुने भएको हो ।

गृह मन्त्रालयले २४ सै उक्त पम्पलाई संचालन गर्न दिएको निर्देशन अनुसार २४ सै घण्टा पेट्रोल पम्प सञ्चालन हुने भएको हो । सुरक्षा निकायद्वारा सञ्चालित कालिका पेट्रोल पम्प सहित मन्त्रालयले सशस्त्र प्रहरीको कल्याणकारी सेवा केन्द्रद्वारा संचालित स्वयम्भु हलचोकस्थित हलचोक फ्युल स्टेसन समेत २४ सै घण्टा संचालनको निर्देशन पछि खुल्ला हुने भएको हो ।

पोखरा क्षेत्रमा केही व्यवसाय मात्र नभई अब अत्यावसेक सेवाहरुलाई समेत विस्तारै २४ सै घण्टा खुल्ला गर्दै यहाँको शान्ति सुरक्षा सहितको सेवा सुविधामा विस्तार गर्नुपर्ने पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनु भयो ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ। – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# सरकारप्रतिको विश्वास

नयाँ गठबन्धनको सरकार बनेपछि मिटर ब्याज पीडित, लघुवित्त पीडित र सहकारी बचतकर्ता सरकारलाई विश्वास गरेर आन्दोलन स्थगित गरेका छन । आफ्ना समस्याप्रति सरकारले चासो दिएको कारण आन्दोलन स्थगित गरेर घर फर्केका छन।आन्दोलनकारीका माग पूरा गराउन सरकारले विश्वास दिलाउन सकेको छ । आन्दोलनकारी घोषित कार्यक्रम स्थगित गरेर सरकारलाई सहमतिप्रति जिम्मेवार बन्न दबाब दिएका छन। पछिल्लो सहमति सरकार र आन्दोलनरत सहकारी बचतकर्ताहरूबीच ८ बुँदे सहमति भएको छ । अधिकार सम्पन्न समिति गठन गरेर बचतकर्ताको रकम फिर्ता गर्ने प्रक्रिया अघि बढाउने सहमति भएपछि आन्दोलन स्थगित भएको छ।

बिहीबार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा भएको वार्तामा सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियानसँग समस्याग्रस्त सहकारी संस्थाहरूको हिसाब जाँच गर्ने सहमति भएको छ । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको सुदृढीकरण गरी समस्याग्रस्त सहकारी संस्थाको सम्पत्ति र दायित्वको व्यवस्थापन तथा बचत फिर्ता छिटो सम्पन्न गर्ने पनि सहमति भएको छ । सरकार नागरिकहरू प्रति उत्तरदायी छ भन्ने सन्देश हो।

यो समितिको सिफारिसमा सहकारी ऐन २०७४ को दफा १२२ बमोजिम कसुर गर्ने सहकारी संचालक, व्यवस्थापक र कर्मचारीलाई कानून बमोजिम कारबाही गर्ने पनि सहमति भएको सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरेले स्पष्ट पारेका छन। सहकारी क्षेत्र सुधार सुझाव कार्यदल-२०८० ले दिएका सुझाव तत्काल कार्यान्वयनमा लैजान बचत तथा कर्जा सुरक्षण कोष, कर्जा सूचना केन्द्र र कर्जा असुली न्यायाधीकरण तत्काल स्थापना गर्ने पनि सहमति पत्रमा उल्लेख छ। सहकारी क्षेत्रमा देखिएका समस्या सम्बोधन गर्ने सहकारी ऐन तथा नियमावली संशोधन अघि बढाउने पनि सरकार र सहकारी बचतकर्ताको सहमति छ। सरकारले गलाएर होइन नागरिकको मन जितेर सहमति गर्न सक्छ भन्ने पनि हो।

भूमिसुधार मन्त्री बलराम अधिकारीले कार्यान्वयन प्रक्रिया तत्काल काम अगाडि बढाउने प्रतिबद्धता जनाएका छन। एउटाले विराउने शाखा पिराउने भनेझैं केही सहकारीले गर्दा सबै उस्तै हुन भन्ने छाप परेको छ। केहीले नराम्रो गर्दा सबै सहकारी बदनाम भएको हुँदा अब 'सहमतिको मिल्ने काम तत्काल गर्ने र तत्कालका नमिल्नेमा कानून निर्माण गरेर पनि हल गर्न सरकार दत्तचित्त भएर लाग्नु आवश्यक छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# हाफ म्याराथन यसै साता हुने

**रासस**
काठमाडौं, ८ चैत

नेपाल भेटेरिनरी एशोसिएसनको आयोजनामा यसै साता तेस्रो संस्करणको 'राइट टु प्रोटिन रन' नामक हाफ म्याराथन प्रतियोगिता हुने भएको छ।

यही चैत १० गते हुने उक्त दौड प्रतियोगितामा सात हजार दुई सय ८६ जनाले भाग लिने संयोजक डा शीतलकाजी श्रेष्ठले आज यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो । संयोजक श्रेष्ठका अनुसार प्रतियोगितामा खुला हाफ म्याराथन, पुरुष १० किमी, महिला पाँच किमी, १२ कक्षासम्मका विद्यार्थीलाई पाँच किमी (पुरुष) र तीन किमी (महिला), अपाङ्गता भएका भएका व्यक्तिका लागि ह्विलचेयर र बालबालिकाका लागि रन फर फन दौड समावेश गरिएको छ। प्रतियोगिताअन्तर्गत हाफ म्याराथनको उपाधि जित्ने महिला तथा पुरुष खेलाडीले समान रु एक लाख प्राप्त गर्नेछन् । त्यसैगरी दोस्रो, तेस्रो चौथो र पाँचौं हुने महिला तथा पुरुष खेलाडीले क्रमशः रु ७५ हजार, रु ५० हजार, रु ४० हजार र रु ३० हजार पुरस्कार पाउनेछन् । पुरुष १० किमी दौडमा प्रथम स्थान हासिल गर्ने खेलाडीले रु ५० हजार पाउनेछन् भने दोस्रो हुने खेलाडीले रु ४० हजार पाउनेछ । तेस्रो, चौथो र पाँचौं हुने खेलाडीले क्रमशः रु ३० हजार, रु २० हजार र रु १० हजार पाउनेछन् । पाँच किमी खुला र पाँच किमी विद्यार्थीअन्तर्गत पुरुषतर्फको दौडमा पहिलो स्थान हात पार्ने खेलाडीले रु ३० हजार पाउनेछन् भने दोस्रो हुने खेलाडीले रु २० हजार, तेस्रोले १५ हजार, चौथोले १० हजार र पाँचौं स्थान हासिल गर्ने खेलाडीले रु पाँच हजार पुरस्कार पाउनेछन् ।

तीन किमी दौडको महिलातर्फ पहिलो हुने खेलाडीले रु २० हजार पाउनेछन् भने दोस्रोले रु १५ हजार पाउनेछन् । साथै तेस्रोले १० हजार, चौथोले रु पाँच हजार र पाँचौं हुने खेलाडीले दुई हजार पाँच सय पाउनेछन् ।

ह्विलचेयरतर्फ प्रथम, दोस्रो, तेस्रो, चौथो र पाँचौं हुने महिला तथा पुरुष खेलाडीले क्रमशः रु ३० हजार, रु २० हजार, रु १५ हजार, रु १० हजार र रु पाँच हजार पुरस्कार पाउनेछन् । 'दौडमा सहभागी बनौं, स्वस्थ रहौं' भन्ने मूल नाराका साथ आयोजना हुने उक्त प्रतियोगताको उद्घाटन प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले गर्नुहुने आयोजकले जनाएको छ।


गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
पर्यटन तथा उद्योग कार्यालय, कास्की

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८०/१२/०८

यस कार्यालयबाट मिति २०७८/१०/२१ मा कास्की जिल्ला पोखरा १७ कास्कीमा संचालन गर्ने गरि पोखरा १७ कास्की निवासी रजनी शाही मानन्धरको नाउँमा दर्ता भएको फर्म दर्ता नं. २२१४८/०७८/०७९(५४०६) को आनिया लञ्च वक्स क्याफे नामक प्राईभेट फर्म मिति २०८०/१२/०८ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**



**नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना**

पोखरा महानगरपालिका वडा नं. २१ दोपहरे पसेलाको पधेंरो देखि गैरावारी थामाको डाँडा सडक निर्माण गर्दा भएको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पादर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम** : पसेलाको पधेंरो देखि गैरावारी थामाको डाँडा सडक निर्माण
**उपभोक्ता समितिको नाम** : पसेलाको पधेंरो देखि गैरावारी थामाको डाँडा सडक निर्माण उपभोक्ता समिति, पोखरा-२१, कास्की
**योजना सम्झौता मिति** : २०८०/०९/१२ गते
**काम सुरु मिति** : २०८०/०९/१३ गते
**योजना सम्पन्न भएको मिति** : २०८०/१२/०७ गते
**योजना सम्पन्न हुने मिति** : २०८१/०१/१५ गते
**महानगरपालिकाबाट** : रु. ८,००,०००/-
**जनसहभागिता** : रु ८९,२६९/१९
**जम्मा लागत** : रु ८,८९,२६९/१९

**उमानाथ सुवेदी**
अध्यक्ष
**पसेलाको पधेंरो देखि गैरावारी थामाको डाँडा सडक निर्माण उपभोक्ता समिति, पोखरा-२१, कास्की**


# दुई हजार तीन सय ८० खानेपानी आयोजना निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ८ चैत

गोर्खा वेल्फेयर ट्रष्टले म्याग्दीलगायत देशका ५१ जिल्लामा दुई हजार तीन सय ८० खानेपानी आयोजना निर्माण गरेको बताएको छ।

ट्रष्टको बुधबार म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ भुरुङ्ग तातोपानीमा सम्पन्न कार्यशालामा ६१ हजारभन्दा बढी धारा जडान गरेर खानेपानी वितरण गरिएको ट्रष्टका कार्यक्रम निर्देशक दीपककुमार श्रेष्ठले बताउनुभयो।

नेपालको कुल जनसङ्ख्यामध्ये ग्रामीण भेगमा बसोबास गर्दै आएका तीन प्रतिशत जनसङ्ख्यामा ट्रष्टको आर्थिक सहयोगमा खानेपानीको पहुँच पुगेको दाबी गर्नुभयो। "एकाउन्न जिल्लामा २ हजार ३८० वटा खानेपानी योजना निर्माण भएका छन्," उहाँले भन्नुभयो "६१ हजार ६ सय ३४ धारा र चार सय ३१ वटा विद्यालयमा शौचालय निर्माण गरिएको छ।" ट्रष्टले सन् १९७६ देखि नेपालको शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ आयोजना निर्माण गर्दै आएको छ । म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको वडा नम्बर -६ खिबाङ, -४ को पटार, छेम्दी -३ को दाना बजार, दुवाडी र काभ्रेमा निर्माण भएको खानेपानी योजनाबाट एक हजार ९०० जनसङ्ख्या लाभान्वित भएका ट्रष्टका इन्जिनियर लीला शेरचनले जानकारी दिनुभयो । उहाँका अनुसार ती योजनाहरूमा करिब रु. दुई करोड ४१ लाख खर्च भएको छ। साथै आगामी आर्थिक वर्षमा वडा नम्बर -४ नारच्याङको बेसी र लेखगाउँमा सञ्चालन गरिने योजनाका लागि रु. एक करोड १५ लाख ट्रष्टले खर्च गर्ने उहाँले बताउनुभयो।

दुई दिनसम्म सञ्चालन भएको 'उत्थानशील खानेपानी, सरसफाइ तथा विपद् तयारी कार्यक्रम' को सिकाई तथा अनुभव आदानप्रदान कार्यशालामा कोशी प्रदेशको ताप्लेजुङ देखि कर्णाली प्रदेशको हुम्ला जिल्ला सम्मका १६ वटा जिल्लाका १६ स्थानीय तहका प्रमुख, प्राविधिक र कर्मचारीहरूको उपस्थिति रहेको थियो। ट्रष्टले हाल १४ जिल्लाका चार नगरपालिका र १० वटा गाउँपालिकामा उत्थानशील खानेपानी, सरसफाइ तथा विपद तयारी कार्यक्रम सञ्चालन गरिरहेको छ । कार्यशालामा खानेपानी योजना सञ्चालित १४ जिल्लाका १४ पालिका र विश्व खाद्य कार्यक्रमको स्थानीय सहयोग पूर्वाधार कार्यक्रम सञ्चालित जाजरकोटको बारेकोट गाउँपालिका र हुम्लाको ताजकोट गाउँपालिकाका प्रतिनिधिको सहभागिता थियो।

# आन्तरिक पर्यटन पवर्द्धन गर्न बागलुङ र लुम्बिनी सांस्कृतिक नगरबीच भगिनी सम्बन्ध

**पोखरापत्र संवाददाता**
गलकोट, ८ चैत

आन्तरिक पर्यटन प्रवर्द्धन गर्न बागलुङ नगरपालिका र रुपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिकाबीच भगिनी सम्बन्ध कायम भएको छ । बुधबार दुई स्थानीय तहका प्रमुखहरूले भगिनी सम्बन्ध स्थापना गर्ने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको हो।

विश्व सम्पदामा सूचीकृत विश्व शान्तिक्षेत्र, धार्मिक एवं पर्यटकीय नगरी लुम्बिनी सांस्कृतिक नगरपालिका, लुम्बिनी प्रदेश र धार्मिक एवं पर्यटकीय नगर बागलुङ नगरपालिकाबीच पर्यटन प्रवर्द्धन, असल अभ्यास र अनुभव आदानप्रदानका लागि भगिनी सम्बन्ध कायम गरिएको समझदारीपत्रमा उल्लेख छ।

लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रमुख सजरुद्दिन मुसलमान र बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले बागलुङ नगरपालिकामा आयोजित एक कार्यक्रममा समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको हो।

भगिनी सम्बन्ध स्थापना गर्न नगरप्रमुख मुसलमान, उपप्रमुख कल्पना हरिजनसहितका जनप्रतिनिधि र कर्मचारी बागलुङ नगरपालिका आउनुभएको थियो। भगिनी सम्बन्ध स्थापनाबाट दुई नगरपालिकाबीच कला तथा संस्कृतिको आदानप्रदान गर्न सहयोग पुग्ने बताउँदै बागलुङ नगरपालिकाका प्रमुख श्रेष्ठले असल अभ्यासको आदान प्रदान र पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान हुने उल्लेख गर्नुभयो । नगरप्रमुख मुसलमानले भगवान् गौतमबुद्धको जन्मभूमि नगरपालिका र धार्मिक हिसाबले पवित्र तपोभूमिका रूपमा रहेको बागलुङ नगरपालिकाको कलासंस्कृति, भाषा, वेशभूषासँगै अनुभव आदानप्रदान गर्न समझदारीबाट योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो।

त्यस अवसरमा बागलुङका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजाल र लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद ज्ञवालीले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । दुवै स्थानीय तहका नगरप्रमुखको संयुक्त अध्यक्षतामा सम्पन्न कार्यक्रममा बागलुङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिदत्त कँडेलको स्वागत तथा प्रशासन शाखाप्रमुख भीमसेन पन्तको सञ्चालनमा भएको थियो।

# बरेङमा घरमा सुत्केरी हुने न्यून

**पोखरापत्र संवाददाता**
बागलुङ, ८ चैत

बरेङ गाउँपालिका जिल्ला सदरमुकाम बागलुङ बजारदेखि दक्षिणमा पर्दछ। छरिएका बस्ती र स्वास्थ्य संस्थाको सहज पहुँच नहुँदा दुई वर्षअघिसम्म गर्भवतीहरु घरमै सुत्केरी हुने गर्दथे।

अहिले यो अवस्था निकै परिवर्तन भएको छ । यहाँका महिलाले नियमित गर्भ जाँचदेखि बच्चालाई खोपसमेत समयमै लगाउँदै आएका छन्।

पछिल्लो समय बरेङमा 'होमडेलिभरी' हुने महिलाको स[illegible]या शून्यमा झरेको छ । पालिकाको ठाउँ-ठाउँमा स्वास्थ्य संस्था स्थापना भएर सेवा विस्तार गरेसँगै 'होमडेलिभरी' शून्यमा झरेको हो।

भर्गवतीलाई स्वास्थ्य स्वयंसेविकाले घरघरमै पुगेर सचेत बनाउने, समय-समयमा गर्भ परीक्षण गराउनेलगायत काम थालेपछि मातृ शिशु मृत्युदर पनि कम भएको बरेङ गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख पदम बहादुर पुनले बताउनुभयो । "पहिलेको तुलनामा महिलाहरु शिक्षित र सचेत बन्दै गएकाले स्वास्थ्य संस्थामा सुत्केरी हुनुपर्छ भन्ने चेतना वृद्धि भएको छ", उहाँले भन्नुभयो, "हरेक महिना स्वास्थ्य स्वयंसेविका गर्भवतीको घरमा पुगेर गर्भ परीक्षणबारे जानकारी दिने गरिएको छ।" स्वास्थ्य शाखा प्रमुख पुनले गाउँपालिकाले समय-समयमा गर्भवतीलाई स्वास्थ्यसम्बन्धी जनचेतामूलक कार्यक्रम गर्ने गरेको बताउनुभयो । "पहिलाकोजस्तो घरमै सुत्केरी हुने चलन कम हुँदै गएको छ। कहिलेकाहीं एक/दुई जना स्वास्थ्य संस्थामा आउन ढिला गर्दा घरमै सुत्केरी भएको पाइन्छ", उहाँले भन्नुभयो, "पछिल्लो दुई वर्षयता घरमै सुत्केरी भएको तथ्याङ्क हामीले पाएका छैनौं । स्वास्थ्य स्वयंसेविका तथा नर्सिङ कर्मचारी गर्भवतीको घरमा गएर स्वास्थ्य परीक्षण गर्नुहुन्छ । आवश्यकताअनुसार स्वास्थ्य संस्थामा बोलाउनुहुन्छ ।" गाउँमा आमा समूहको बैठक हुँदा पनि भर्गवतीको स्वास्थ्य जाँचबारे सचेत गराउने गरिएको पुनको भनाइ छ । स्वास्थ्यचौकीमा भिडियो एक्सेरे सुविधा रहेको भन्दै प्रत्येक महिना गर्भको जाँच, आमा र बच्चाको अवस्था बुझ्न भिडियो एक्सरे गराइँदै आइएको उहाँले बताउनुभयो।

भिडियो एक्सरे गर्दा आमा र बच्चाको स्वास्थ्यमा जटिलता देखियो भने बाहिर अस्पतालमा पठाउन गाउँपालिकाले रू पाँच हजार खर्च दिने गरेको स्वास्थ्य शाखा प्रमुख पुनले जानकारी दिनुभयो । हरेक गर्भवतीलाई बर्थिङ सेन्टरमा आउनेजाने भाडासमेत दिने गरिएको उहाँले बताउनुभयो । दूरीका हिसाबले नजिकलाई रू एक हजारदेखि टाढालाई रू तीन हजारसम्म खर्च उपलब्ध गराउने गरिएको स्वास्थ्य शाखा प्रमुख पुनले जानकारी दिनुभयो।

बरेङ गाउँपालिकामा ५ वटा वडा छन् । पाँच वडामा पाँच स्वास्थ्यचौकी र पाँच सामुदायिक स्वास्थ्य इकाइ स्थापना गरेर सेवा दिन थालिएको गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद शर्माले बताउनुभयो। हरेक नागरिकलाई स्वास्थ्यको पहुँचमा ल्यानका लागि स्वास्थ्य चौकी टाढा भएका स्थानीयलाई लक्षित गरी सामुदायिक स्वास्थ्य इकाइ सञ्चालनमा ल्याइएको उहाँको भनाइ छ । पाँच स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर स्थापना भएको अध्यक्ष शर्माले जानकारी दिनुभयो। आधारभूत स्वास्थ्य सेवाबाट कोही पनि नागरिक वञ्चित हुनु नपरोस् भनेर स्वास्थ्य क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेर लगानी गरिएको उहाँको भनाइ छ।

# माछापुच्छ्रे गाउँपालिकामा युवा लक्षित डिजिटल साक्षरता तालिम

पोखरापत्र संवाददाता
पोखरा, ८ चैत

कास्कीको माछापुच्छ्रे गाउँपालिका वडा नं. ८ ले संचालन गरेको ४ दिने युवा लक्षित नेतृत्व विकास सँगै डिजिटल साक्षरता तालिम सम्पन्न भएको छ।




गाउँपालिकामै पहिलो पटक यस किसिमको तालिम आयोजना गरेको माछापुच्छ्रे गाउँपालिका वडा नं. ८ का वडा अध्यक्ष राम बहादुर गुरुङले बताए। पछिल्लो समय युवापुस्ता मोवाइल तथा कम्प्युटरको प्रयोगमा अभ्यस्थ भएको बताउदै इन्टरनेटको सहि सदुपयोग गर्दै पर्यटकिय गाउँ तथा स्थानिय उत्पादनको डिजिटल माध्यमबाट प्रर्वद्धन गर्न वडा भित्रका सामुदायिक विघालयका शिक्षक, पर्यटन तथा कृषि क्षेत्रमा आवद्ध डिजिटल माध्यममा चासो र सकृय रहेका युवालाई नेतृत्व सँगै डिजिटल साक्षरता तालिम प्रदान गरिएको बताए।

वडा सदस्य चोक प्रसाद दाहालले तालिमको प्रभावकारीतालाई अध्ययन गरि आगामी दिनमा यस किसिमका तालिमहरुलाई निरन्तरता दिने बताउनु भयो।

तालिमका सहजकर्ता मधु अधिकारीले अहिलेको आधुनिक युगमा प्रविधिको सहि सदुपयोग गर्न डिजिटल साक्षरता प्रमुख आवश्यक्ता भइसकेको बताए। पहिले निरक्षर नागरिकलाई साक्षर बनाउन राज्यले पढ्न नपाएकालाई प्रौढ शिक्षा दिए जस्तै अहिलेको अवस्थामा राज्यले हरेक नागरिकलाई डिजिटल साक्षर बनाउन लगानी गर्नुपर्ने बताए। अधिकारीले स्थानिय तहमा डिजिटल साक्षता तालिमको सुरुवात गरेकोमा आयोजकलाई धन्यवाद दिए।

प्रशिक्षार्थीको तर्फबाट आफ्नो अनुभव सुनाउदै अंकिता दाहालले तालिम निकै प्रभावकारी भएको र सिकेका कुरालाई आफुले लागु गर्दै अरुलाई पनि सिकाउने प्रतिवद्धता जानाइन। वडा सचिव विष्णु भट्टराईले धन्यवाद ज्ञापन गरेको उक्त समापन समारोहको संचालन प्रशिक्षार्थी प्रतिमा गुरुङ र प्रदिप गुरुङले गरेका थिए। तालिममा वडा नम्बर ८ भित्रका ल्वाङ, घलेल, कोलेली, लुम्रे लागयतका गाउँबाट १६ जनाको सहभागिता थियो।

# पोखरा स्पोर्ट्स अवार्डलाई सहयोग गर्ने प्रतिवद्धता

पोखरापत्र संवाददाता
पोखरा, ८ चैत

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गर्ने आठौं संस्करणको पोखरा स्पोर्ट्स अवार्डको सन्दर्भमा बिहीबार छलफल कार्यक्रमको आयोजना गरिएको छ। छलफल कार्यक्रमका सहभागीले पोखरा स्पोर्ट्स अवार्डको ओज बेग्लै रहेको भन्दै यसलाई अझै भव्य बनाउन सहयोग गर्ने प्रतिवद्धता जनाउदै महत्वपूर्ण सुझाव समेत दिएका छन्।



छलफल कार्यक्रममा बोल्दै सहारा क्लबका मानार्थ सदस्य एवं खेलकुदकर्मी तथा समाजसेवी महेश गुरुङले निरन्तर रुपमा आयोजना भैरहेको यो कार्यक्रमलाई भव्य बनाउन आफ्नो ठाउँबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाए। निरन्तर अवार्ड कार्यक्रमलाई सहयोग गरिरहेका उनले यो कार्यक्रमले खेलाडी तथा खेल क्षेत्रमा अगाडि बढेका संस्था तथा क्लबलाई काम गर्न उर्जा थप्ने गरेको बताए। कठिन परिस्थितिमा आयोजना हुन लागेको कार्यक्रममा सहयोग जुटाउन आफ्नो ठाउँबाट पहल गर्ने उनको भनाई थियो। सहयोग जुटाउनका लागि गर्नुपर्ने केही कार्यक्रमको बारेमा समेत उनले सुझाब दिए।

सहारा क्लबका मानार्थ सदस्य एवं खेलकुदकर्मी ताथ समाजसेवी लोकबहादुर गुरुङले अवार्ड कार्यक्रमको रौनकता बेग्लै हुने गरेको बताए। यो कार्यक्रम खेलाडी प्रशिक्षक र खेलकर्मीलाई अगाडि बढ्न कोशेढुंगा सावित हुँदै गएको सुनाए। कार्यक्रमलाई थप आर्कषक बनाउन र सहयोग उठाउनको लागि समेत अवार्ड कार्यक्रम भन्दा अगाडि च्यारिटी डिनर साँझको आयोजना गर्न सुझाब दिए।

राम बजार सोसाइटी युकेका पूर्व अध्यक्ष एवं पूर्व राष्ट्रिय फुटबल खेलाडी रुपक गुरुङले कार्यक्रमको महत्वका कारण धेरै व्यक्ति तथा संस्थाले सहयोग गर्न खोज्ने भएकोले त्यसलाई ध्यान दिँदै क्रियाशिलता बढाउन मञ्चलाई सुझाब दिए। निरन्तर रुपमा अवार्ड कार्यक्रम आयोजना गर्नको लागि कोष खडा गर्न सके अझै सजिलो हुने उनको भनाई थियो। अनावश्यक खर्च नगरी कम खर्चमा उत्कृष्ट कार्यक्रम पस्कनुपर्नेमा उनको जोड थियो।

सहारा युकेका अध्यक्ष भोजबहादुर गुरुङले आफ्नो ठाउँबाट सकेको सहयोग गर्ने बताए। तमुधि युकेका सल्लाहकार एवं घोताने समाज युकेका संस्थापक अध्यक्ष तथा दुर्लुङ समाज युकेका संस्थापक अध्यक्ष समेत रहेका नरजंग गुरुङले समेत अवार्ड कार्यक्रमलाई सफल बनाउन सघाउने प्रतिवद्धता जनाए। सहारा क्लब पोखराका सचिव टंक पौडेलले क्लबले अवार्ड कार्यक्रममा आवश्यक सहयोग गर्ने बताए।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा भएको छलफल कार्यक्रममा, खेलकुद पत्रकार मञ्च गण्डकीका पूर्व सल्लाहकार सुदर्शन रञ्जित, मञ्चका उपाध्यक्ष सुरज श्रेष्ठ, महासचिव राजाराम पौडेल र सचिव शशीकुमार पौडेलले समेत अवार्ड कार्यक्रमको तयारी लगायतका विषयमा बोलेका थिए। मञ्चले आगामी बैशाख २१ गते शुक्रबार अवार्ड कार्यक्रम गर्दैछ। अवार्ड कार्यक्रमलाई भव्य बनाउन तयारीमा तीव्रता दिइएको महासचिव राजाराम पौडेलले जनाए। अवार्ड कार्यक्रम मार्फत वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी, लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिने महासचिव पौडेलले जनाए। अवार्ड कार्यक्रममा गण्डकी प्रदेश सरकारको विशेष सहयोग रहनेछ भने पोखरा महानगरपालिकाले प्रवर्द्धन गर्नेछ। राष्ट्रिय खेलकुद परिषदले समेत अवार्ड कार्यक्रममा सघाउनेछ। अफिसियल रिसोर्टको रुपमा पोखरा लेकसाइडमा रहेको मभेरी रिसोर्ट एण्ड स्पा रहेको छ। थप सहयोगी व्यक्ति तथा संस्था जोडिने क्रम जारी रहेको मञ्चले जनाएको छ। खेलाडी तथा खेल क्षेत्रमा क्रियाशिललाई उर्जा थप्न मञ्च गण्डकीले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्ट्स अवार्ड गर्दै आएको हो।

# आन्तरिक पर्यटन प्रवर्द्धन गर्न बागलुङ र लुम्बिनी सांस्कृतिक नगरबीच भगिनी सम्बन्ध

पोखरापत्र संवाददाता
बागलुङ, ८ चैत/रासस

आन्तरिक पर्यटन प्रवर्द्धन गर्न बागलुङ नगरपालिका र रुपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिकाबीच भगिनी सम्बन्ध कायम भएको छ।

बुधबार दुई स्थानीय तहका प्रमुखहरूले भगिनी सम्बन्ध स्थापना गर्ने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको हो।

विश्व सम्पदामा सूचीकृत विश्व शान्तिक्षेत्र, धार्मिक एवं पर्यटकीय नगरी लुम्बिनी सांस्कृतिक नगरपालिका, लुम्बिनी प्रदेश र धार्मिक एवं पर्यटकीय नगर बागलुङ नगरपालिकाबीच पर्यटन प्रवर्द्धन, असल अभ्यास र अनुभव आदानप्रदानका लागि भगिनी सम्बन्ध कायम गरिएको समझदारीपत्रमा उल्लेख छ।

लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रमुख सजरुद्दिन मुसलमान र बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले बागलुङ नगरपालिकामा आयोजित एक कार्यक्रममा समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको हो। भगिनी सम्बन्ध स्थापना गर्न नगरप्रमुख मुसलमान, उपप्रमुख कल्पना हरिजनसहितका जनप्रतिनिधि र कर्मचारी बागलुङ नगरपालिका आउनुभएको थियो। भगिनी सम्बन्ध स्थापनाबाट दुई नगरपालिकाबीच कला तथा संस्कृतिको आदानप्रदान गर्न सहयोग पुग्ने बताउँदै बागलुङ नगरपालिकाका प्रमुख श्रेष्ठले असल अभ्यासको आदान प्रदान र पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान हुने उल्लेख गर्नुभयो। नगरप्रमुख मुसलमानले भगवान् गौतमबुद्धको जन्मभूमि नगरपालिका र धार्मिक हिसाबले पवित्र तपोभूमिका रूपमा रहेको बागलुङ नगरपालिकाको कला,संस्कृति, भाषा,वेशभूषासँगै अनुभव आदानप्रदान गर्न समझदारीबाट योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो। त्यस अवसरमा बागलुङका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजाल र लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद ज्ञवालीले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। दुवै स्थानीय तहका नगरप्रमुखको संयुक्त अध्यक्षतामा सम्पन्न कार्यक्रममा बागलुङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिदत्त कँडेलको स्वागत तथा प्रशासन शाखाप्रमुख भीमसेन पन्तको सञ्चालनमा भएको थियो।

# नयाँ वर्षमा 'सातौं स्मार्ट भिलेज आमन्त्रित गोल्ड कप'

पोखरापत्र संवाददाता
लमजुङ, ८ चैत/रासस

क्होलासोथर गाउँपालिका-३ स्थित घलेगाउँमा आगामी वैशाख १ गतेदेखि 'सातौं स्मार्ट भिलेज आमन्त्रित गोल्ड कप' फुटबल प्रतियोगिता आयोजना हुने भएको छ।

पर्यटन व्यवस्थापन समिति, स्मार्ट भिलेज घलेगाउँद्वारा आज यहाँ आयोजित पत्रकार सम्मेलनमा समुद्री सतहदेखि दुई हजार एक सय मिटर उचाइमा रहेको स्वर्गभूमि रङ्गशालामा उक्त प्रतियोगिता आयोजना हुने जानकारी दिइयो। आयोजक घलेगाउँका अध्यक्ष प्रेमबहादुर घलेले फुटबलको माध्यमबाट गाउँमा थप पर्यटक भित्र्याउने लक्ष्यका साथ प्रतियोगिता सञ्चालन गर्न लागिएको जानकारी दिनुभयो। उहाँले देशभरका १२ टिमलाई आमन्त्रण गरी ६ दिनसम्म फुटबल खेलाइने बताउनुभयो। आमन्त्रण गरिएका टिमलाई निःशुल्क खाना बस्नको सुविधा दिने र नकआउटको आधारमा खेल खेलाइने आयोजकले जनाएको छ। आयोजकका अनुसार यसवर्ष घरेलु टिम लालीगुराँस युवा क्लब भुजुङ, बेंसीसहर युथ सोसाइटी शेरा बेंसीसहर, त्रिवेणी युवा क्लब बैंसीसहर, बुद्ध युथ क्लब भोटेओडारले सहभागिता जनाउनेछन्। त्यस्तै, जिल्ला बाहिर मोफसलका चर्चित टिमहरु भूईंखेल फुटबल क्लब काठमाडौं, अभिशेष चर्च रजहर नवलपुर, सूर्यतारा क्लब पोखरा, पिप्ले युवा क्लब हेटौंडा मकवानपुर, नेपाल युनाइटेड तनहुँ, रङ्स रामपुर चितवन, देवदह नगरपालिका रुपन्देही र भरतपुर फुटबल क्लब चितवन सहभागी हुने आयोजकले जनाएको छ।

आयोजकका अनुसार प्रथम पुरस्कार रु पाँच लाख ५० हजार पाँच सय ५५ रुपैयाँ, गोल्ड कप र मेडल, दोस्रो पुरस्कार तीन लाख ५० हजार तीन सय ५५, कप र मेडल राखिएको छ। त्यस्तै, प्रतियोगितामा सर्वाधिक गोलकर्ता र उत्कृष्ट खेलाडीलाई नगद १०/१० हजार रुपैयाँ र मेडल प्रदान गरिने भएको छ। प्रतियोगितामा ३१ लाख ८० हजार खर्च लाग्ने अनुमान गरिएको छ। वडाअध्यक्ष आसवीर गुरुङले गाउँलाई खेल पर्यटनको माध्यमबाट थप प्रचारप्रसार गर्न आवश्यक देखिएकोले यसअघिको महोत्सवलाई थाती राखेर फुटबल प्रतियोगिता आयोजना गरिएको र यसबीचमा लोपुन्मुख लोपुन्मुख सांस्कृतिक प्रदर्शनसमेत गरिने बताउनुभयो। पत्रकार सम्मेलनमा क्होलासोथार गाउँपालिका अध्यक्ष सूर्यप्रसाद गुरुङले घलेगाउँमा खेलकुदका माध्यमबाट गरिने पर्यटन प्रवर्द्धन कार्यक्रम प्रभावकारी हुन सके गाउँमा पर्यटक वृद्धि हुने उहाँले बताउनुभयो। यस घलेगाउँमा विसं २०५७ देखि घरबास सञ्चालनमा रहेको छ।

# विश्व खुसी प्रतिवेदनमा नेपाल ९३औँ स्थानमा

रासस
काठमाडौं, ८ चैत

विश्व खुसी प्रतिवेदनले नेपाल संसारको सबैभन्दा खुसी हुने देशको ९३औँ स्थानमा रहेको देखाएको छ। विश्व खुसी प्रतिवेदन, २०२४ अनुसार एक सय ४३ देशहरुमध्ये खुसीको सूचाङ्कमा नेपालले ९३औँ स्थान प्राप्त गरेको हो।

उक्त प्रतिवेदनअनुसार उक्त सूचीको पहिलो स्थानमा फिनल्याण्ड छ। फिनल्याण्ड लगातार सात वर्षदेखि शीर्ष स्थानमा रहँदै आएको छ। फिनल्याण्डपछि प्रमुख दशमा डेनमार्क, आइसल्याण्ड, स्वीडेन, इजरायल, नेदरल्याण्ड, नर्वे, लक्जमवर्ग, स्वीजरल्याण्ड र अस्ट्रेलिया छन्। प्रतिवेदनले ३० वर्षमुनि उमेर समूहमा खुसी हुने स्थानमा भने नेपाल ९२औँ स्थानमा छ। उक्त प्रतिवेदन गलुप, अक्सफोर्ड विश्वविद्यालय, वेलबिइङ रिसर्च सेन्टर, संयुक्त राष्ट्रसङ्घ दिगो विकास सोलुसन नेटवर्क र डब्ल्युएचआर्स एडिटोरियल बोर्डले प्रकाशन गरेको हो। मुख्यत जीवन मूल्याङ्कनका प्रश्न उत्तरलाई आधार मानी प्रतिवेदन तयार पारिएको जनाइएको छ। उत्तरदाताहरुलाई आफ्नो जीवनशैलीलाई राम्रोदेखि खराबसम्मको शून्यदेखि १० नम्बरबीच अङ्क दिने गरी प्रश्न सोधिएको थियो।

# प्रहरीका पेट्रोलपम्प २४सै घण्टा सञ्चालन हुने

रासस
काठमाडौं, ८ चैत

नेपाल प्रहरीद्वारा सञ्चालित पेट्रोल पम्पहरु अब २४सै घण्टा सञ्चालन हुने भएका छन्।

उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेको निर्देशनपछि नेपाल प्रहरी र सशस्त्र प्रहरी बलद्वारा सञ्चालित नेपाल प्रहरीको केन्द्रीय कार्यालय नक्साल, सशस्त्र प्रहरी बलको प्रधान कार्यालय हल्चोक र कास्कीको पोखरामा सञ्चालित पेट्रोलपम्प अबदेखि २४सै घण्टा सञ्चालन हुने भएका हुन्।

उपप्रधानमन्त्री लामिछानेले पेट्रोलपम्प २४सै घण्टा खुला गर्न आदेश दिनुभएसँगै आजदेखि पम्पहरू खुला रहने नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "मन्त्रीज्यूले २४सैं घण्टा खुला गर्न आदेश दिनु भएसँगै हामीले पेट्रोलपम्प पम्प खुला गरेका छौं।"


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय लेखनाथ, कास्की

**मालपोत कार्यालय लेखनाथ कास्कीबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

रुपाकोट गाउँपालिका वडा नं. ५ निवासी जुद्ध बहादुर जोशीको द.न. ३८७० मिति २०८०/११/१७ को छुट जग्गा नापी गरी पाऊँ माग अनुसार कास्की जिल्ला साविक देउराली मौजे जि.मु. जिवनाथ पाध्या जिम्मा नापी समयमा कि.नं. ७४१ क्षे.फ. १-३-३-० विरहमा धान किसिम दोयम जनिएको जुद्ध लाल जोशी (प. देउराली वडा नं.३ बाबु हर्ष लाल) का नाममा फिल्ड बुक भएको सार्कीनी जोशीबाट तिरो तिरी भोग चलन गर्दै आएको जग्गा जुद्ध बहादुर जोशीका नाममा छुट जग्गा दर्ता पाउँ भनि निवेदन प्राप्त भएकाले जुद्ध लाल जोशी र जुद्ध बहादुर जोशी फरक व्यक्ति भएमा वा यस अघि अन्य कसैले कारवाही चलाएको भएमा वा निजहरुको माग बमोजिम दर्ता गर्न नहुने कुनै कारण भएमा वा उक्त जग्गामा कसैको हक लाग्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाण सहित उजुरी गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भैजाने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

इति सम्बत् २०८० साल चैत्र ०८ गते रोज ५ शुभम्।



**पोखरा महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**न्यूरोड, कास्की**
**गण्डकी प्रदेश, नेपाल**

**प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना।**

(प्रकाशन मिति २०८०/१२/०९)

कास्की जिल्लाको पोखरा महानगरपालिका द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, न्यूरोड, कास्की गण्डकी प्रदेश, नेपाल। |
| प्रस्तावको व्यहोरा | पोखरा महानगरपालिका वडा नं १७ मा पर्यटन प्रवर्द्धनका लागि "Sky Bridge Viewpoint at Phewa Lake" Of Pokhara Metropolitan City निर्माणका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन निर्माण गर्ने। |
| प्रभाव पर्न सक्ने क्षेत्र | पोखरा महानगरपालिका वडा नं १७। |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीहरु बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न निम्न स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई हुने भएकोले सरोकारवाला सबैमा उपस्थितिका लागि अनुरोध गरिन्छ।

**सार्वजनिक सुनुवाई कार्यक्रम**

| | |
|---|---|
| मिति : २०८०/१२/१५<br>समय : दिनको ११ बजे<br>स्थान : पोखरा महानगरपालिका वडा नं १७ को कार्यालय। | प्रस्तावक<br>पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, न्यूरोड, कास्की।<br>फोन नं ९८५६००७११<br>इ मेल : info@pokharamun.gov. np |

प्रमुख प्रशासकीय अधिकृत